नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# राहदानी विभाग
त्रिपुरेश्वर, काठमाण्डौ

NS/ISO 9001:2015 प्रमाणिकृत नेपालको पहिलो सरकारी निकाय
"गुणस्तरीय, पारदर्शी एवं सेवाग्राहीमैत्री सेवा"

प.सं. - डि.ओ.पी./एड्मीन
च.नं.- २३४६

नेपाल सरकार परराष्ट्र मन्त्रालय राहदानी विभाग काठमाण्डौ

मिति: २०८०।०३।०१

विदेशस्थित सबै नेपाली नियोगहरू
७७ वटै जिल्ला प्रशासन कार्यालयहरू
राहदानी सेवा प्रदान गर्ने इलाका प्रशासन कार्यालयहरू

विषय : राहदानी दस्तुर सम्बन्धी सर्कुलर।

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८०।२।२४ को निर्णयानुसार राहदानी नियमावली, २०७७ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची-४ मा संशोधन भै नेपाल राजपत्रमा मिति २०८०।२।३२ मा प्रकाशन भएकोले उक्त राजपत्रको प्रतिलिपि आवश्यक कार्यार्थ तथा जानकारीको लागि यसैसाथ प्रेषित गरिएको छ। मन्त्रिपरिषदको उक्त निर्णयानुसार ६६ पृष्ठको साधारण विद्युतीय राहदानीको दस्तुर ३४ पृष्ठको साधारण विद्युतीय राहदानीको दस्तुर सरह कायम गर्ने गरी संशोधन भएकोले मिति २०८०।३।३ (तदनुसार १८ जून, २०२३) देखि संशोधित दस्तुर लागू गर्नुहुन निर्देशानुसार अनुरोध छ। साथै, राहदानी दस्तुर सम्बन्धी अन्य व्यवस्था पूर्ववत् रहेको व्यहोरा समेत अनुरोध छ।

(दुरपदी सापकोटा)
निर्देशक

# भाग ३

## नेपाल सरकार

## परराष्ट्र मन्त्रालयको

## सूचना

नेपाल सरकार, परराष्ट्र मन्त्रालयले राहदानी नियमावली, २०७७ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची-४ को सट्टा देहायको अनुसूची-४ राखी हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

**"अनुसूची-४**

(नियम ४ को उपनियम (२) को खण्ड (ज), नियम ५ को खण्ड (ङ), नियम ६ को उपनियम (४) र (६), नियम १६ को उपनियम (३) र (४), नियम १९ को उपनियम (१), नियम २१ को उपनियम (२), नियम २२ को उपनियम (५), नियम २३ को उपनियम (१) र नियम २४ को उपनियम (१) सँग सम्बन्धित)

**<u>दस्तुर</u>**

१. <u>साधारण राहदानीको लागिः</u>

(क) विभाग वा जिल्ला प्रशासन कार्यालयमा निवेदन दिँदा देहायको राहदानीको लागि देहाय बमोजिम दस्तुर लाग्नेछः-

(१) नियम ६ को उपनियम (४) बमोजिम राहदानीको लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकोमा पाँच हजार रुपैयाँ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नियम ६ को उपनियम (६) बमोजिम राहदानीको लागि विभागमा निवेदन दिएकोमा बाह्र हजार रुपैयाँ,

(३) राहदानी हराएको, पाना च्यातिएको, केरमेट भएको वा अन्य कारणले राहदानी प्रयोग हुन नसक्ने भएकोमा यस खण्ड बमोजिम लाग्ने दस्तुरमा थप पाँच हजार रुपैयाँ।

(ख) उत्तर र दक्षिण अमेरिकी महादेश अन्तर्गतका देशहरू, अष्ट्रेलिया, न्यूजिल्याण्ड, जापान, दक्षिण कोरिया र हङकङस्थित नेपाली नियोगमा निवेदन दिँदा प्रति राहदानी एक सय पचास अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा।

(ग) रुसी महासङ्घ र नेपाली राजदूताबास मस्कोको सहप्रमाणीकृत मुलुक र साइप्रसको लागि नेपाली नियोगमा निवेदन दिँदा प्रति राहदानी असी युरो वा सो बराबरको स्थानीय मुद्रा ।

(घ) खण्ड (ग) बाहेकका युरोपेली देशस्थित नेपाली नियोगमा निवेदन दिँदा प्रति राहदानी एक सय बीस युरो वा सो बराबरको स्थानीय मुद्रा ।

(ङ) मलेसिया, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, बहराइन, लेबनान, इराक, इरान, कुबेत, इजरायल, सिरिया, जोर्डन, ओमान र यमनस्थित नियोग र सो नियोगको सहप्रमाणीकृत मुलुकको लागि नियोगमा निवेदन दिँदा प्रति राहदानी पचास अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) खण्ड (ख), (ग) र (ङ) बाहेकका अन्य एसियाली, अफ्रिकी र बाँकी सबै देशस्थित नियोगमा निवेदन दिँदा प्रति राहदानी असी अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा ।

(छ) राहदानी हराएको, पाना च्यातिएको, केरमेट भएको वा अन्य कारणले राहदानी प्रयोग हुन नसक्ने भएकोमा नियोगबाट नयाँ राहदानी लिनु पर्दा खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिम लाग्ने दस्तुरको दोब्बर रकम ।

(ज) दश वर्षभन्दा कम उमेरका नाबालकको राहदानीको लागि निवेदन दिँदा खण्ड (क) को उपखण्ड (१), खण्ड (ख), (ग), (घ), (ङ) र (च) बमोजिम लाग्ने दस्तुरको आधा रकम।

तर दश वर्षभन्दा कम उमेरका नाबालकले खण्ड (क) को उपखण्ड (२) बमोजिम राहदानीको लागि विभागमा निवेदन दिँदा नौ हजार पाँच सय रुपैयाँ दस्तुर लाग्नेछ।

२. यात्रा अनुमतिपत्रको लागिः

(क) विभागबाट जारी गरिने प्रति यात्रा अनुमतिपत्रको चार हजार रुपैयाँ ।

(ख) नियोगबाट जारी गरिने प्रति यात्रा अनुमतिपत्रको पचास अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा ।

३. विभागबाट जारी गरिने सिम्यान्स अभिलेख किताब (सिम्यान्स पासपोर्ट) को लागि बाह्र हजार रुपैयाँ र नियोगबाट जारी गरिने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिम्यान्स अभिलेख किताब (सिम्यान्स पासपोर्ट) को लागि एक सय बीस अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा ।

४. अस्थायी राहदानीको लागि पचास अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा।"

**आज्ञाले,**
**भरतराज पौड्याल**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।